# बेफ्रन्ट पार्कवे केन्द्रीय करिडोर सुधार परियोजना खबरपत्रिका

डाउनटाउन एरी र वाटरफ्रन्ट बीच एउटा बलियो सम्बन्ध बनाउने

pennsylvania
DEPARTMENT OF TRANSPORTATION

अक्टोबर 2020 संस्क. 1 सं. 2

# परियोजनाले संघीय अनुदान कोष प्राप्त गर्यो

PennDOT जिल्लाको पहिलो बेफ्रन्ट पार्कवे सुधार परियोजनालाई 21 मिलियन डलरको संघीय अनुदान कोष प्राप्त गर्नको लागि छनोट हुँदा ठूलो प्रोत्साहन मिलेको छ ।

बेफ्रन्ट पार्कवे सेन्ट्रल कोरिडोर सुधार परियोजनाको डिजाईन र योजना बनाउने प्रमुख कामहरू मध्ये कोष पनि एक हो । यो परियोजनाका लागि निर्माण अनुमान 74 देखि 82 मिलियन डलर रहेको छ र काम धेरै वर्षहरूमा चरणबद्ध रूपमा गर्नुपर्नेछ ।

सासाफ्रास स्ट्रीट एक्स्टेन्सन र हल्याण्ड स्ट्रीट बीचको बेफ्रन्ट पार्कवेमा स्तरवृद्धि पुरा गर्नको लागि 2018 मा, PennDOT र पेन्सिलभेनिया DCED ले 30 मिलियन डलरको संयुक्त प्रतिबद्धता जाहेर गर्यो ।

PennDOT ले अमेरिकाको यातायात विभागको उत्तम उपयोग लगानी लिवरेज विकास (BUILD) अनुदान कार्यक्रम।को लागि आवेदन गर्न 36 मिलियन डलर सहित बहु-मोडल कोषमा, थप पैसाको पहिचान गर्नको लागि यसले आफ्नो योजना साझेदारको साथमा काम गरेको छ । यो आवेदन सफल भयो र यो परियोजनालाई 21 मिलियन डलर प्रदान गरियो ।

समर्पित कोषमा झन्डै 60 मिलियन डलरको अर्थ परियोजनाको योजना प्रक्रियाले अब कसरी विभिन्न वर्षाहरूमा सम्पन्न गर्नको लागि थप विस्तृत समयरेखा समावेश गर्न सक्छ र पहिलो वर्षहरूको निर्माणमा थप कामहरू पनि समावेश गर्न सकिन्छ भनेर सुनिश्चित गर्छ ।

**परियोजाको चरण 1 का मोटामोटी योजनाहरूमा समावेश छन् :**

- **हल्याण्ड स्ट्रीटमा पैदलयात्री पुल;**
- **पैदलयात्री र साइकल चालकको ट्रेलमा सुधार;**
- **हल्याण्ड स्ट्रीट र सासाफ्रास स्ट्रीट एक्सटेन्सनमा घुम्ती-सडक; र**
- **स्टेट स्ट्रिटमा ग्रेड बिभाजनको साथै सडक तहमा सुधार; र**
- **सैनिकहरू र नाविकहरूको घर र CSX ट्र्याक परिमार्जनहरू नजिक बहु-प्रयोग पुल ।**

एरि पोर्टको नेतृत्वमा सासाफ्रास स्ट्रीटमा पैदलयात्री मार्गको सुधार गर्ने र वेस्ट फ्रन्ट स्ट्रीटको पुनर्गठनका पूरक परियोजनाहरू छन् ।

बेफ्रन्ट पार्कवे सेन्ट्रल कोरिडोर परियोजनाको निर्माण कार्य 2021 को लागि योजना गरिएको पूरक परियोजनाहरू पूरा नभएसम्म निम्न सहित, जारी हुनेछ:

- उत्तरी सीमाबाट 79 लिंकन स्ट्रीटको इन्टर स्टेट र्याम्पबाट वेन स्ट्रीट सम्म 12 औं स्ट्रीटमा 23 वटा चौबाटोहरूमा ट्राफिक संकेतको समय अपग्रेड र सुरक्षा सुधार; र
- पूर्वी बेफ्रन्ट पार्कवेमा पैदलयात्री मार्ग र रोडवेमा सुधारहरू ।


यो काम पूरा भएपछि 2022 मा नै चरण 1 को 2024 मा सम्पन्न हुने बेफ्रन्ट पार्कवेमा नै काम सुरु गर्न सम्भव हुनेछ ।

छनोट गरिएको विकल्पको बारेमा थप जानकारीको लागि, अनलाइन www.BayfrontParkwayProject.com मा वा फेसबुक समूह Bayfront Parkway Project मा जानुहोस् ।

## प्रमुख परियोजना मितिहरू

- बेफ्रन्ट पार्कवे सेन्ट्रल कोरिडोर भर्चुअल सार्वजनिक बैठक : शरद 2020
- 12 औं स्ट्रीट ट्राफिक सिग्नल परियोजना (पूरक परियोजना): 2021 मा निर्माण
- पूर्वी बेफ्रन्ट परियोजना (पूरक परियोजना): 2021 मा निर्माण
- सैनिकहरू र नाविकहरूको गृहमा सुधार : 2021 मा निर्माण
- बेफ्रन्ट पार्कवे सेन्ट्रल कोरिडोर परियोजना चरण 1 : 2022 मा निर्माण सुरु हुने अपेक्षा गरिएको

**आयोजनाको उद्देश्य भनेको पैदलयात्री, साइकल, ट्रान्जिट र यात्री सवारीसाधनको सम्बन्ध एरी सेन्ट्रल बिजनेस डिस्ट्रिक्ट र बेफ्रन्ट पार्कवेको उत्तरमा वाटरफ्रन्ट प्रपर्टीको छेउछाउका छिमेकमा सुधार गर्न, बेफ्रन्ट पार्कवेमा जति सक्दो व्यावहारिक क्र्यासहरू कम गर्नु, सुधार गर्नु, भविष्यको भीड सेवा वा ढिलाइको स्वीकार्य तहमा, र ट्राफिक अपरेशन र दक्षता सुधार गर्नु हो।**




यहाँ साफाफ्राज स्ट्रीट एक्स्टेन्सन देखि हल्याण्ड स्ट्रीटको बेफ्रन्ट पार्कवेसँग प्रस्तावित सुधारहरूको एक सिंहावलोकन छ । तस्विरको ठूलो संस्करण र प्रत्येक चौबाटोहरूको रेन्डरिंगहरू www.BayfrontParkwayProject.com वा www.PennDOT.gov/District1 मा अनलाइन फेला पार्न सकिन्छ ।

## PennDOT को डाटाले गोलघुम्तीहरू, चोटहरूको संख्या, दुर्घटनाहरू घटाउनुहोस्

22 वटा घुम्ती-सडकमा क्र्यास तथ्यांकको PennDOT समीक्षाले राज्यभरिका 19 वटा स्थानहरूमा भएका सुधारहरूले दुर्घटना, घाइते र क्र्यासहरूमा सुधार देखाएको छ ।

सेप्टेम्बरमा वार्षिक समीक्षाको नतिजा घोषणा गरियो र पहिले रोकिएको वा सिग्नलद्वारा नियन्त्रित गरिएको कम्तीमा तीन वर्षको लागि खुला भएको र चौबाटोमा निर्माण गरिएको घुम्ती-सडकहरू पनि समावेश थिए ।

सन् 2000 देखि 2019 सम्म प्रहरीले बुझाएको क्र्यासको रिपोर्टहरूको विभागीय तथ्यांकहरूको आधारमा यी स्थानहरूमा हुने मृत्युहरूको संख्या 100 प्रतिशतले घटेको र जम्मा क्र्यासहरूको संख्या 24 प्रतिशतले घटेको देखाएको छ ।

- शंकास्पद गम्भीर चोटपटकहरू 78 प्रतिशतले घटाइयो;
- शंकास्पद हलुका चोटपटकहरू 62 प्रतिशतले घटाइयो;
- सम्भाव्य/अज्ञात चोटपटकहरू 82 प्रतिशतले घटाइयो; र
- सम्पत्ति क्षति मात्रको क्र्याशहरो 20 प्रतिशतले मात्र वृद्धि भयो ।

सुरक्षाको मुद्दाहरूको लागि चौबाटोहरूमा प्राय: घुम्ती-सडक स्थापना गरिन्छ तर यातायातको प्रवाहका साथै अन्य कारणहरू जस्तै यातायातलाई शान्त गर्न र पैदलयात्रीको गतिशीलतालाई सहजिकरण गर्न पनि स्थापना गरिन्छ ।

समीक्षामा समावेश भएका घुम्ती-सडकको बारेमा पूर्ण घोषणा र ब्रेक डाउन www.penndot.gov मा अनलाइन पढ्नको लागि उपलब्ध छ ।

घुम्तीसडकले पैदलयात्रीहरू र साइकल चालकहरूको समेत सुरक्षा बढाउने कुरा राष्ट्रिय तथ्यांकले देखाउँछ ।

- साइकलसँग सम्बन्धित क्र्यासहरू 10 प्रतिशतले घटाइयो;
- पैदलयात्रीहरूसँग सम्बन्धित क्र्यासहरू 30 -40 प्रतिशतले घटाइयो ।

PennDOT ले असंख्य सुरक्षा संसाधनहरू पनि प्रदान गर्दछ पैदलयात्रीहरू, साइकल चालकहरू, र मोटर चालकहरूले कसरी घुम्ती-सडकमा सही ढंगले नेभिगेट गर्न मद्दत गर्छ भनेर बुझ्न सहयोग गर्छ ।

यसमा सवारीले, साइकलले वा पैदलयात्रीले एकल र बहु-लेन घुम्ती-सडकलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा भिडियो समावेश छ जसलाई www.penndot.gov को roundabout पृष्ठको भ्रमण गरेर वा विभागको YouTube च्यानलमा भ्रमण गरेर पहुँच गर्न सकिन्छ।

## DYK

के तपाईंलाई थाहा छ, बेफ्रन्ट पार्कवे परियोजनाको वेबसाइटले अब बारम्बार सोधिने प्रश्नहरू (FAQs) खण्ड समावेश गरेको छ ?

ग्राहकहरूले परियोजना, वातावरणीय प्रक्रिया, सार्वजनिक संलग्नताका प्रयासहरू, र पैदलयात्री तथा साइकल स्तरोन्नतिको बारेमा विभिन्न प्रश्नहरूको जवाफ पाउन सक्छन् ।

यो खण्ड ग्राहकहरुका जिज्ञासाको आधारमा निर्माण गरिएको हो र आवश्यकता अनुसार प्रचलित शीर्षक तथा सर्वसाधारणबाट आएको प्रश्नहरूको आधारमा अद्यावधिक हुनेछ ।

त्यो खण्डमा उत्तर फेला पार्न सक्नुभएन? PennDOT प्रोजेक्ट म्यानेजर टम म्याक्लेल्याण्डलाई thmcclella@pa.gov मा सम्पर्क गर्नुहोस् ।

तपाईंलाई परियोजनाको बारेमा के मन परेको छ वा यदि तपाईंसँग कुनै चाँसो भएमा तपाईं www.BayfrontParkwayProject.com वा www.PennDOT.gov/District1 मा अनलाइनमा गएर वा PennDOT का परियोजना म्यानेजर टम म्याक्ल्याण्ड, P.E. लाई, 814-678-7081 मा वा thmcclella@pa.gov मा सम्पर्क गरेर भन्न सक्नुहुन्छ ।